Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)
नारायणहिटी पथ, वडा नं. १, काठमाडौं, नेपाल, पो.ब.नं.१९६८१, फोन नं.: ४४२७८४२ फ्याक्स नं.: ४४२७०४४
URL: www.ctznbank.com, E-mail: info@ctznbank.com, Swift: CTZNNPKA

को

# संस्थापक तथा सर्वसाधारण समूहको हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७४/०३/१५**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/०३/२१**

श्री सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको हकप्रद शेयरहरु मिति २०७३/१२/२४ देखि २०७४/०१/२८ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमको शेयरहरुका लागि आवेदन नपरेकाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशिका, २०७३ को निर्देशन तथा धितोपत्र निष्काशन बाँडफाँट निर्देशिका, २०७४ को निर्देशन नं. १५ समेतको प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्ने बैंकको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७४ साल असार २१ गते** भित्र बिक्री प्रवन्धक श्री सानिमा क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं वा बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, वडा नं. १, काठमाण्डौंमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

| बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः | | |
|---|---|---|
| (क) संस्थापक शेयर | : | १,९९,३१३ कित्ता |
| (ख) सर्वसाधारण शेयर | : | ४,२०,४९० कित्ता |
| कुल जम्मा | : | ६,१९,८०३ कित्ता |

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, वडा नं. १, काठमाण्डौं वा बिक्री प्रबन्धक श्री सानिमा क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउंमा दस्तखत गर्नु पर्नेछ ।

३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुंदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ ।

४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन ।

५. रु.१० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु. १० लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ । साथै, संस्थापक शेयरको बोलकबोल गर्ने आवेदकले आयश्रोत विवरण, आयकर चुक्ता प्रमाणपत्र र कालो सूचिमा नरहेको प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६. शिलबन्दी खाम बाहिर साधारण तर्फको शेयरको लागि आवेदन गर्दा **"सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको साधारण शेयर खरीद आवेदन"** तथा संस्थापक तर्फको शेयरको लागि आवेदन गर्दा **"सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको संस्थापक शेयर खरीद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।

७. संस्थापक समूहको शेयर खरिद गर्न चाहने आवेदकहरु नेपाल राष्ट्र बैंकको निर्देशन तथा प्रचलित कानून बमोजिम बैंक तथा वित्तीय संस्थाको संस्थापक हुन योग्य रहेको हुनु पर्नेछ ।

८. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम श्री सानिमा क्यापिटल लिमिटेडको नाममा खिचिएको **"Good For Payment Cheque"** वा श्री **"सानिमा बैंक लिमिटेड, नक्साल काठमाण्डौमा रहेको खाता नं ००१०००१०५४४०७"मा** नगदै जम्मा गरि सो को सक्कल भौचर संलग्न गरि शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

९. सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जांदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ । शेयर बाँडफाँट गर्दा सबैभन्दा बढी बोलकवोल गर्ने क्रमहरु मध्येको कम बोलकबोल गरि बाँडफाँटमा पर्ने आवेदकलाई खण्डित रुपमा बाँकी रहेको शेयर समेत बाँडफाँट गरि समायोजन गरिनेछ । शेयर बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ ।

१०. बोलपत्रवालाले एक समूहमा एक भन्दा बढी बोलपत्र पेश गर्न पाइने छैन । बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

११. शेयरको आवेदन मिति २०७४/०३/२१ गते कार्यालय समय भित्र श्री सानिमा क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं नेपाल वा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, नारायणहिटी पथ, काठमाण्डौंमा दर्ता भई सक्नु पर्नेछ ।

१२. बोलपत्र मिति २०७४/०३/२२ गते अपरान्ह ३:३० बजे सानिमा क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको अपरान्ह ३:३० बजे खोलिनेछ ।

१३. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

१४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनु पर्नेछ । आवेदक संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ ।

१५. बोलपत्र आवेदकहरुले बोलकबोलको दरखास्त फाराम बुझाउंदा आफ्नो हितग्राही खाता नं. (BOID) प्रमाणित हुने कागजात समेत समावेश गर्नु पर्नेछ ।

१६. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको धरौटी वापत जम्मा गरिएको रकम बोलपत्र खोली शेयर बाँडफाँट भएको दिनको दशौं दिनदेखि सानिमा क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंबाट एकाउन्टपेयी चेक मार्फत फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ ।

१७. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको सूचना पाटीमा टांस गरिनेछ ।

**बिक्री प्रबन्धकः**

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
नक्साल, काठमाण्डौ, फोनः +९७७-४४२८९५६/५७, फ्याक्सः ४४२८९५८
इमेलः sanimacapital@sanimabank.com वेवसाइटः www.sanima.capital